# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (६), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, आश्विन ०९ गते २०७९ साल, सङ्ख्या ५**

**भाग-२**

**यस सूर्योदय नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधिहरू सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

# **सूर्योदय नगरपालिकाको बाल बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि, २०७९**

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०६/०९

सूर्योदय नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरुको पठन पाठनमा सहायता पुर्याउने तथा उच्च शिक्षा हासिल गर्ने समयमा हुने आर्थिक अभावलाई परिपूर्ति गर्ने **सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७६ को दफा ५४ को उपदफा १ मा** मा भएको व्यवस्था बमोजिम सूर्योदय नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाइ जारी गरेको छ।

## **परिच्छेद – एक**

## **सङ्क्षिप्त नाम र प्रारम्भ**

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यस कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको बाल बचत खाता सञ्चालन कार्यविधि, २०७९** रहेको छ।

ख) यो कार्यविधि सूर्योदय नगरपालिका क्षेत्रभर लागू हुने छ।

ग) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा- विषय र प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा भएका निम्न कुराको अर्थ निम्न बुझ्नु पर्दछ :-

क) नगरपालिका भन्नाले सूर्योदय नगरपालिका बुझ्नु पर्छ।

ख) नगर कार्यपालिका भन्नाले सूर्योदय नगरपालिकाको नगर कार्यपालिका सम्झिनु पर्छ।

ग) सामुदायिक विद्यालय भन्नाले सूर्योदय नगरपालिका भित्रका सामुदायिक विद्यालय सम्झिनु पर्छ सो शब्दले गुरुकूल र गुम्बा पाठशाला समेतलाई बुझाउने छ।

घ) बैङ्क भन्नाले नेपाल सरकारको मान्यता प्राप्त क वर्गको वैङ्क तथा वित्तीय संस्था सम्झिनु पर्छ।

ङ) बाल बचत खाता भन्नाले सूर्योदय नगरपालिकाको बाल बचत खाता सञ्चालन कार्यविधि २०७९ बमोजिम खोलिएको खाता सम्झिनु पर्छ।

च) संरक्षक भन्नाले बाल बचत खाता सञ्चालनमा सम्बन्धित रहेको विद्यार्थीको अभिभावक सम्झनु पर्छ ।

छ) बाल बचत कोष भन्नाले सूर्योदय नगरपालिकाको बाल बचत कोष सम्झनु पर्छ ।

ज) अति विपन्न विद्यार्थी भन्नाले नगरपालिकाले छनौट गरी तोकेको विपन्न विद्यार्थी बुझ्नु पर्छ ।

## परिच्छेद -दुई

## बाल बचत खाता सञ्चालन

३. यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरु प्रत्येकको बाल बचत खाता नगरपालिकाले तोकेको बैकमा खोलिने छ । उक्त खातामा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

(क) कक्षा १ देखि ५ सम्म अध्ययनरत बालबालिकाको दैनिक रु ५।- का दरले अभिभावकले उपलब्ध गराउने रकम ।

(ख) कक्षा ६ देखि ८ सम्म अध्ययनरत बालबालिकाको दैनिक रु. १०।- का दरले अभिभावकले उपलब्ध गराउने रकम ।

४. उक्त खाता विद्यार्थीको नाममा खोलिने छ भने संरक्षक अभिभावक निजको आमा, बुबा वा नजिकको अभिभावक मध्ये एक हुने छ । संरक्षकले विद्यार्थी साबालक नहुन्जेल वा कक्षा १२ कक्षा उत्तीर्ण भइ विद्यार्थीले मञ्जुरी नलिएसम्म सो वचत खाताको रकम निकाल्न पाइने छैन ।

५. कुनै पनि विद्यार्थीले कक्षा १२ पूरा नगरी विद्यालय छाडेमा उक्त विद्यार्थीले कक्षा छाडेको २ वर्ष पछि मात्र सो बचत खाताको रकम संरक्षकले झिक्न पाउने छन् ।

६. कुनै विद्यार्थीले कक्षा १२ पूरा नगरी अन्य पालिकामा स्थानान्तरण भई गएमा संरक्षकले सो रकम झिक्न पाउने छन् । तर यसै पालिका भित्र स्थानान्तरण भइ अध्ययन गरेमा वचत निरन्तरता स्थानान्तरण भइ गएको विद्यालयबाट नै गरिने छ । तर स्थानान्तरण प्रमाणपत्र नयाँ भर्ना भएको विद्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा र सम्बन्धित बैङ्कमा अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।

७. नगरपालिका बाहिर अन्यत्र स्थानान्तरण भई गएको विद्यार्थी र कक्षा १२ पुरा नगरी अध्ययन छोडेको विद्यार्थीको हकमा निजको अभिभावकले जम्मा गरेको दफा ३ बमोजिमको रकम बाहेकको रकम संरक्षकलाई वा सम्बन्धित विद्यार्थीलाई उपलब्ध गराइनेछैन । यस प्रकारको रकम नगरपालिकाको बाल बचत कोषमा जम्मा हुनेछ ।

८. कुनै विद्यार्थीको मृत्यु भएमा संरक्षकले सो रकम झिक्न पाउने छन् ।

९. विद्यार्थीहरूको खाता खोल्ने कार्य विद्यालयसँग समन्वय गरी अभिभावक बोलाएर बैकको उपस्थितिमा विद्यालयमा नै नि:शुल्क रुपमा गरिने छ ।

१०. बचत खातामा बचत गर्न तोकिएको रकम अभिभावक स्वयम्ले बैंकमा जम्मा गर्नुपर्नेछ । वा विद्यालयले सङ्कलन गरी मासिक रुपमा विद्यालयको आधिकारिक शिक्षक वा तोकिएको कर्मचारीमार्फत बैकमा जम्मा गरिदिने छन् ।

११. दफा नं. १० बमोजिम बचत भएको रकमको भौचर (विद्यालयले रकम जम्मा गरेको हकमा) सम्बन्धित अभिभावकलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने छ

१२. बैक खातामा जम्मा भएको रकमको व्याजदर खाता सञ्चालन भएको बैकसँग भएको सहमति बमोजिम हुने छ ।

१३. बाल बचत खाता सञ्चालन गर्न सूर्योदय नगर कार्यपालिकाले तोकेको बैकसँग नगरपालिकाको अनुसूची १ बमोजिम सम्झौता हुनेछ ।

## परिच्छेद -तीन

## बाल बचत कोष सम्बन्धी व्यवस्था

१४. यस कार्यविधि बमोजिम नगरपालिकाको बाल बचत कोष रहनेछ ।

१५. बाल बचत कोषमा देहाय बमोजिम रकम जम्मा हुनेछ ।

(क) नगरपालिकाले बाल बचत कोषको लागि विनियोजन गरेको रकम ।

(ख) नगरपालिकाको सहमतिमा कुनै सङ्घ, संस्था वा व्यक्तिले नियमानुसार उपलब्ध गराउने रकम ।

(ग) यस कार्यविधिको दफा ७ बमोजिम बाल बचत खाताबाट फिर्ता हुने रकम ।

१६. बाल बचत कोषको रकम नगर शिक्षा समितिको निर्णय अनुसार विद्यार्थीहरूको वचत खातामा जम्मा गर्न सकिनेछ । यसरी जम्मा गर्ने रकम अति विपन्न विद्यार्थीहरूलाई प्राथमिकतामा राखी जम्मा गरिने छ ।

१७. बाल बचत कोषको सम्पूर्ण कारोबार नगरपालिका कार्यालयको ग.५-१ समूहको विविध कोष खातामा सञ्चालन गरिनेछ ।

१८. कोषमा भएको रकम नगर शिक्षा समितिको निर्णय बमोजिम खर्च गर्न सकिनेछ ।

१९. कोषको आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद -चार

## बचत खातामा रकम जम्मा गर्ने पद्धति

२०. प्रत्येक महिना समाप्त भएको ५ दिनभित्रमा अभिभावकहरुले आफ्नो बालबालिकाको मासिक बचत रकम सोझै बैंकमा जम्मा गरिदिने वा  विद्यालयमा उपलब्ध गराउनु पर्ने छ ।

२१. अभिभावकले विद्यालयमा उपलब्ध गराएको रकम विद्यालयले बैंकमा लगि महिना समाप्त भएको मितिले ७ दिन भित्रमा सम्बन्धित विद्यार्थीको बैक खातामा जम्मा गर्नु पर्ने छ ।

२२. कुनै अभिभावकले प्रविधिको प्रयोग गरी सोझै विद्यार्थीको खातामा रकम जम्मा गर्न सक्नेछन् तर सो को प्रमाण/जानकारी विद्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

२३. अति विपन्न परिवारका बालबालिकाहरुका लागि सम्झौता भएको वैकले सामाजिक सेवा तर्फको रकम नगरपालिकालाई उपलब्ध गराउने र सो रकम नगरपालिका  मार्फत बालबालिकाको खातामा जम्मा गरिने छ वा बैंक र पालिका बीच भएको सहमतिका आधारमा जम्मा गरिनेछ ।  अति विपन्न परिवारका बालबालिकहरुमा सम्बन्धित वडाबाट छनौट गरी पठाइएका र नगरपालिकाले तोकेको अति विपन्न वर्गका बालबालिकाहरु पर्दछन् ।

## परिच्छेद -पाँच

## विविध

२४. बाधा अड्काउ फुकाउन सक्ने: यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा भएमा नगर कार्यपालिकाले सो को व्यवस्था गर्नेछ ।

# अनुसूची -१

## सूर्योदय नगरपालिकाको सामुदायिक विद्यालय कक्षा १-८ का विद्यार्थीहरुको बाल बचत खाता सञ्चालन सम्बन्धी समझदारी पत्र

### परिच्छेद – २ को दफा १३ सँग सम्बन्धित

सूर्योदय नगरपालिकाले आधारभूत तहमा अध्ययनरत बालबालिकाहरुलाई कक्षा ८ सम्मको अनिवार्य तथा निशुल्क शिक्षा पूरा गराउने तथा कक्षा १२ सम्मको शिक्षालाई सर्वसुलभ बनाइ सबैको पहुँच पुर्याउन तथा बचत गर्ने बानीको समेत विकास गरी बैङ्किग प्रणाली मार्फत उच्च शिक्षामा आर्थिक व्यवस्थापन गरी उच्च शिक्षा पूरा गराउन सहयोग पुर्याउन सूर्योदय नगरपालिकाको बाल बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि २०७९ बमोजिमको बाल बचत खाता सञ्चालन गर्नका लागि........................ जिल्ला स्थित .......................... महा/ उपमहा/नगरपालिका वडा नं. ....................... केन्द्रीय कार्यालय रहेको ........................... बैक लिमिटेड ( जसलाई यसपछि दोस्रो पक्ष भनिने छ) र सूर्योदय नगरपालिका, इलाम (जसलाई यसपछि पहिलो पक्ष भनिने छ) का बीच बाल बचत खाता सञ्चालन तथा व्यवस्थापन गर्न र बैकबाट प्राप्त हुने सामाजिक सेवा तर्फको रकम बाल बचत खातामा लगानी गर्न सहमत भइ सहकार्य समेत गर्नका लागि यो समझदारी पत्र तयार गरिएको छ ।

१. द्विपक्षीय समझदारीको उद्देश्य

- क. कक्षा १ देखि ८ सम्मका सूर्योदय नगरपालिकामा भएका सामुदायिक विद्यालयमा भर्ना भएका बालबालिकाहरुको बाल बचत खाता सञ्चालन गर्नु ।
- ख. बचत गर्ने बानीको विकास गर्नु ।
- ग. कक्षा छाड्ने दर घटाइ विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय शिक्षा पूरा गराउनु ।
- घ. उच्च शिक्षाका लागि बालबालिकाहरुलाई आर्थिक व्यवस्थापन गर्नु ।
- ङ. गरिब तथा पछाडि परेका अति विपन्न वर्गका बालबालिकाको सिकाइलाई निरन्तरता दिइ उच्च शिक्षामा पहुँच अभिवृद्दि गर्नु ।

च. बैकले सामाजिक क्षेत्रमा गर्ने लगानीलाई अति विपन्न वर्गका बालबालिकाहरुको पढाइलाई निरन्तरता दिन र उच्च शिक्षामा लगानी गर्न नगरपालिका मार्फत बाल बचत खातामा लगानी गर्नु ।

छ. नगरभित्रका सामुदायिक विद्यालयका कक्षा १ देखि कक्षा ८ सम्मका सबै बालबालिकाहरुको निशुल्क बाल बचत खाता खोली सञ्चालनमा ल्याउनु ।

ज. सूर्योदय नगरपालिकाको **बाल बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि २०७९** बमोजिम बचत गर्ने, व्याजदर प्रदान गर्ने तथा रकम प्रदान गर्ने व्यवस्था मिलाउने ।

**अपेक्षित उपलब्धिहरु**

क. नेपालको संविधान भाग ३ को धारा ३१ मा भएको शिक्षा सम्बन्धी सबै बालबालिकाको हक सुनिश्चित गरी सूर्योदय नगरपालिकाको **बाल बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि २०७९ को** प्रभावकारी कार्यान्वयन हुने ।

ख. सूर्योदय नगरपालिका भित्रका कक्षा १ देखि ८ सम्मका सबै बालबालिकाहरुलाई बचत गर्ने बानीको विकास हुने तथा अभिभावकहरुमा लगानी गर्ने समेत बानीको विकास भएको हुने छ ।

ग. यस नगरपालिका भित्रका सामुदायिक बिद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुको कक्षा छाड्ने दर र दोहोर्याउने दर घट्ने तथा आधारभूत तह पूरा गर्ने दर बढ्ने र माध्यमिक तहको शिक्षा पूरा गरी उच्च शिक्षामा पहुँच अभिवृद्धि भएको हुने छ ।

घ. बैकमार्फत सामाजिक सेवामा गरिने लगानीबाट विद्यालय जाने उमेरका अति विपन्न वर्गका बालबालिकाहरु प्रत्यक्ष लाभान्वित हुने छन् ।

ङ. सूर्योदय नगरपालिका तथा नगरपालिकासँग सम्झौता गरी विभिन्न सङ्घ संस्थाबाट प्राप्त हुने आर्थिक लगानी सोझै विद्यार्थीको खातामा जम्मा भइ भविष्यको शैक्षिक उन्नतिका लागि आधारशिला तयार भएको हुने छ ।

च. आफ्नो रुचि तथा क्षमता अनुसारका विषय अध्ययन गर्न उच्च शिक्षाका लागि बालबालिकाहरुलाई पर्ने आर्थिक भारलाई न्यून गर्न सहयोग मिल्ने छ ।

छ. नगरपालिका, समुदाय तथा बैक तथा अन्य सहयोगी दाताहरुको संयुक्त प्रयासबाट यस नगरक्षेत्रका बालकालिकाहरुको शैक्षिक उन्नतिमा सहयोग पुग्ने छ।

**प्रथम पक्षको भूमिका**

क. बाल बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि २०७९ बमोजिम बालबालिकाहरुको विवरण वैङ्कलाई वडागत र विद्यालयगत रुपमा दोस्रो पक्षलाई उपलब्ध गराउने

ख. बाल बचत खातामा रकम जम्मा गर्न सामुदायिक विद्यालयमा अध्ययनरत अति विपन्न वर्गका बालबालिकाहरुको विवरण छुट्टै वडागत र विद्यालयगत रुपमा दोस्रो पक्षलाई उपलब्ध गराउने

ग. पहिलो पक्षले दोस्रो पक्षबाट प्राप्त गर्ने सामाजिक सेवा तर्फको रकम अति विपन्न वर्गका बालबालिकाहरुको खातामा जम्मा गर्ने निर्णय कार्यपालिकाबाट गराई दोस्रो पक्षलाई जानकारी गराउने

घ. पहिलो पक्षले सामुदायिक विद्यालयको कक्षा १ -८ का हरेक बालबालिकाका लागि नगरपालिकाको तर्फबाट जम्मा हुने, अभिभावकको तर्फबाट जम्मा हुने तथा अन्य जम्मा हुने रकम भएमो सो समेत दैनिक/मासिक/बार्षिक रकमको निर्णय विवरण उपलब्ध गराउने तथा जम्मा गर्ने समय मासिक/ त्रैमासिक/वार्षिक के हो सो जानकारी गराउने।

ङ. हरेक विद्यार्थीको खाता विद्यालयमा नै गई खोल्नका लागि अभिभावक विद्यालय तथा दोस्रो पक्षसँग समन्वय गर्ने गराउने।

च. बाल बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ को परिच्छेद २ को दफा नं. ७ मा भएको व्यवस्था बमोजिमको पालिका वाहिर स्थानान्तरण भई जाने तथा कक्षा १२ पुरा नगरी अध्ययन छोड्ने विद्यार्थीका अभिभावकले जम्मा गरेको बाहेकको रकम फिर्ता हुँदा बाँकी रहने रकम जम्मा गर्ने खाता र निर्णय दोस्रो पक्षलाई उपलब्ध गराउने।

छ. दोस्रो पक्षसँग ब्याजदर तथा खाता सञ्चालन प्रक्रिया सम्बन्धी विवरण माग गर्ने।

**दोस्रो पक्षको भूमिका**

क. बाल बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि २०७९ बमोजिम बालबालिकाहरुको विवरण प्रथम पक्षबाट वडागत र विद्यालयगत रुपमा प्राप्त गर्ने

ख. बाल बचत खातामा रकम जम्मा गर्न सामुदायिक विद्यालयमा अध्ययनरत अति विपन्न वर्गका बालबालिकाहरुको विवरण छुट्टै वडागत र विद्यालयगत रुपमा प्रथम पक्षबाट प्राप्त गर्ने

ग. दोस्रो पक्षले पहिलो पक्षलाई सामाजिक सेवा तर्फको रकम अति विपन्न वर्गका बालबालिकाहरुको खातामा जम्मा गर्न एकमुष्ठ रुपमा उपलब्ध गराउने तथा पहिलो पक्षबाट निर्णय भए बमोजिमका अति विपन्न वर्गका बालबालिकाको खातामा सो रकम जम्मा गर्ने व्यवस्था मिलाउने।

घ. पहिलो पक्षबाट प्राप्त भएको सामुदायिक विद्यालयको कक्षा १ -८ का हरेक बालबालिकाका लागि नगरपालिकाको तर्फबाट जम्मा हुने, अभिभावकको तर्फबाट जम्मा हुने तथा अन्य जम्मा हुने रकम भएमा सो समेत दैनिक/मासिक/बार्षिक रकमको निर्णय विवरण बमोजिम रकम जम्मा गर्ने व्यवस्था मिलाउने।

ङ. हरेक विद्यार्थीको खाता विद्यालयमा नै गई निशुल्क रुपमा खोल्ने कार्य सम्पन्न गराउने।

च. बाल बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ को परिच्छेद २ को दफा नं. ७ मा भएको व्यवस्था बमोजिमको पालिका वाहिर स्थानान्तरण भई जाने तथा कक्षा १२ पुरा नगरी अध्ययन छोड्ने विद्यार्थीका अभिभावकले जम्मा गरेको बाहेकको रकम फिर्ता हुँदा बाँकी रहने रकम जम्मा गर्ने खाता र निर्णय प्रथम पक्षबाट प्राप्त भए बमोजिम जम्मा गर्ने व्यवस्था मिलाउने।

छ. पहिलो पक्षलाई ब्याजदर तथा खाता सञ्चालन प्रक्रिया सम्बन्धी विवरण उपलब्ध गराउने ।

ज. त्रैमासिक रुपमा पहिलो पक्षले यस सम्झौता बमोजिम खोलिएका खाताहरुको स्टेटमेन्ट माग भए बमोजिम खाता सञ्चालक वा संरक्षकलाई उपलब्ध गराउने ।

झ. बैङ्कको नियमानुसार व्याजदर अनुसारको रकम विद्यार्थी खातामा उपलब्ध गराउने ।

**विविध**

क. यस समझदारी पत्रमा भए बमोजिम खोलिएका खातामा अभिभावकले थप रकम जम्मा गर्न चाहेमा नगरपालिका तथा वैङ्कको प्रचलित कानुन बमोजिम आपसी समझदारीमा हुने छ तर सो रकमको फिर्ता हुने वा झिक्ने व्यवस्था बैङ्कको नियमानुसार हुने छ ।

ख. खाता सञ्चालन भएको बैङ्कबाट साबालक विद्यार्थी वा संरक्षकले कार्यविधिमा तोकिए बमोजिमको रकम झिक्न चाहेना नगरपालिकाको स्वीकृति अनिवार्य लिएर मात्र झिक्न पाउने छन् ।

ग. अभिभावकहरुलाई तथा सरोकारवालाहरुलाई रकम जम्मा गर्ने अभिमुखीकरण आवश्यक भएमा पहिलो र दोस्रो पक्षको समझदारीमा अभिमुखीकरण सञ्चालन गरिने छ ।

घ. यस सम्झौता बमोजिम खोलिएका खाताबाट कुनै प्रकारको कर्जा वा ॠण प्रवाह गरिने छैन ।

ङ. बाल बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि २०७९ बमोजिम खाता सञ्चालन भए नभएको तथा यसबाट हुने फाइदा तथा हानि नोक्सानी तथा अन्य विषयमा निरन्तर अनुगमन गरी कमीकमजोरी सुधार गर्न सम्बन्धित पक्षलाई सुझाव समेत दिने गरी तपशील बमोजिमको अनुगमन तथा सुझाव समिति रहने छ ।

**तपशील**

संरक्षक – नगर प्रमुख

संयोजक- नगर उपप्रमुख

सदस्य – प्रमुख प्रशासकीय अधिकृत

सदस्य – वडाध्यक्षहरु मध्ये नगर कार्यपालिकाले तोकेको १जना

सदस्य – बैकको प्रतिनिधि

सदस्य- महिला तथा बालबालिका शाखा प्रमुख/ प्रतिनिधि

सदस्य – विषय विज्ञ

सदस्य – अभिभावक वा विद्यालय व्यवस्थापन समितिका अध्यक्षमध्ये नगर शिक्षा समितिले तोकेको १ जना

सदस्य – सामुदायिक आधारभूत विद्यालयका प्रधानाध्यापकमध्ये नगर शिक्षा समितिले तोकेको १ जना

सदस्य – शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख

छ. यो समझदारीको अवधि हस्ताक्षर भएको मितिबाट......... वर्षसम्म रहनेछ र यसलाई आपसी सहमतिमा पुनः नवीकरण गर्न सकिनेछ ।

ज. यस समझदारीको व्याख्या एवं कार्यान्वयन र यस समझदारीमा नपरेका विषयहरू प्रचलित कानून बमोजिम हुनेछ ।

झ. यस समझदारीको कार्यान्वयनमा आवश्यक समन्वय गर्नका लागि सम्पर्क व्यक्ति तोकी जिम्मेवारी दिने र सोको जानकारी दुवै पक्षलाई उपलब्ध गराउने ।

| | |
|---|---|
| **प्रथम पक्ष (...................... ) को तर्फबाट हस्ताक्षर गर्ने** | **दोस्रो पक्ष तर्फबाट हस्ताक्षर गर्ने** |

| | |
|---|---|
| **हस्ताक्षरः**<br><br>**नाम थर:**<br><br>**पद:** | **हस्ताक्षर**<br><br>**नाम थर**<br><br>**पद** |
| **रोहबर** | |
| **प्रथम पक्षको तर्फबाट:** | **दोस्रो पक्षको तर्फबाट:** |
| **हस्ताक्षर**<br><br>**नाम थर**<br><br>**पद** | **हस्ताक्षर**<br><br>**नाम थर**<br><br>**पद** |
| **कार्यालयको छाप** | |
| **प्रथम पक्ष:** | **दोस्रो पक्ष:** |

**इति सम्वत् ..................................................**

# करार सेवामा स्वयंसेवक शिक्षक नियुक्ति तथा परिचालन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति: २०७९/०६/०९ गते

**प्रस्तावना:** यस नगरपालिका अन्तर्गत शिक्षक विद्यार्थी अनुपात धेरै भएका, प्रचलित कानुन तथा मापदण्ड बमोजिम अङ्ग्रेजी, गणित र अन्य विषय शिक्षक अपुग भएका वा त्यस्ता विषय शिक्षक दरबन्दी नभएका सामुदायिक विद्यालय र प्राविधिक धारको शिक्षा विस्तार गरेका विद्यालयमा भएको शिक्षक अभावलाई "**लागौँ हामी नै बनाउँ नयाँ शिक्षित समाज"** अभियान मार्फत एस. ई.ई., प्रमाणपत्र तह, स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेका युवालाई शिक्षक स्वयंसेवकका रुपमा प्रभावकारी र पारदर्शी ढङ्गले परिचालन गरी सम्बोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाले 'स्वयंसेवक शिक्षक नियुक्ति तथा परिचालन कार्यविधि २०७९ बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम स्वयमसेवक शिक्षक नियुक्ति तथा परिचालन सम्वन्धी कार्यविधि, २०७९ रहेकोछ।

**२. परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनुपर्छ।

ख)" समिति" भन्नाले स्वयंसेवक शिक्षक छनौट तथा सिफारिस समिति सम्झनुपर्छ।

ग)" स्थानीय तह" भन्नाले सूर्योदय नगरपालिका सम्झनुपर्छ।

घ)" स्वयंसेवक शिक्षक" भन्नाले यस कार्यविधि बमोजिम नियुक्त शिक्षक सम्झनुपर्छ।

ङ) नगर शिक्षा समिति भन्नाले, सूर्योदय नगरपालिकाको नगर शिक्षा समिति सम्झनुपर्छ ।

**३. उद्देश्यहरु**

क) सामुदायिक विद्यालयमा बाल शिक्षक, प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा गणित, अङ्ग्रेजी, विज्ञान र अन्य आवश्यक विषयमा देखिएको शिक्षक अभावलाई आंशिक रुपमा पूर्ती गर्नु ।

ख) एस.ई.ई, कक्षा १२ वा सो सरह (प्रमाणपत्र तह), स्नातक वा स्नातकोत्तर उत्तीर्ण गरेका शिक्षित युवाहरुलाई स्वयंसेवा मार्फत राष्ट्रसेवा गर्ने मौका उपलव्ध गराई नगरपालिका र देशको भौगोलिक स्थितिको ज्ञानका साथै व्यावहारिक तथा जीवनोपयोगी सीप एवं ज्ञान प्राप्त गर्ने अवसर प्रदान गर्नु ।

ग) युवा वर्गमा शिक्षण सीप, दक्षता र नेतृत्व विकासको अवसर उपलव्ध गराउनु।

घ) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा सघाउ पुर्याउनु ।

## परिच्छेद – २

### ४. छनौटको तरिका र सिफारिस प्रक्रिया :

१. क) सामुदायिक विद्यालयले बाल कक्षा, प्राथमिक निम्न माध्यमिक र माध्यमिक (९-१०र ९-१२) तहमा गणित विज्ञान र अङ्ग्रेजी र अन्य आवश्यक विषयको दरवन्दी रिक्त भै एक महिना भन्दा बढी समयसम्म शिक्षक नियुक्त हुन नसक्ने भएमा वा विद्यालयमा कुनै विषयको दरवन्दी नभएर शिक्षक आवश्यक भएमा वा विद्यार्थीको चाप आवश्यक भन्दा बढी भएमा उक्त विद्यालयले शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनुपर्नेछ।

ख) नगरपालिकाले एकै पटक सूचना जारी गरी विद्यालयलाई आवश्यक पर्ने विषय खुलाई स्वयम् सेवक शिक्षक माग गर्न सामुदायिक विद्यालयहरुलाई आव्हान गर्न सक्नेछ।

ग) विद्यालयबाट माग भइ आएका निवेदन अनुसारको विषय र शिक्षक व्यवस्थापन गर्न शिक्षा, युवा तथा खेलकुद शाखाले नगर शिक्षा समिति समक्ष पेस गर्नु पर्नेछ।

घ) नगर शिक्षा समितिले शिक्षा, युवा तथा खेलकुद शाखाबाट पेश भएका निवेदन हेरी विद्यार्थी सङ्ख्या, वितरण भएको दरबन्दी सङ्ख्या र विषयको अध्ययन गरी विषय, सङ्ख्या र विद्यालयहरुलाई वितरण गर्न कोटा निर्धारण गर्नेछ। यसरी कोटा निर्धारण गर्दा बाल शिक्षक तथा आधारभूत तहको प्राथमिक कक्षा १-५ का लागि आवश्यक हुने शिक्षक कोटामा सम्बन्धित वडाका व्यक्तिहरुले मात्र छनौटमा सहभागी हुन पाउने तथा आधारभूत तहको निम्न माध्यमिक र माध्यमिक तहको विषयगत कोटामा पालिका भित्रका सहभागी मात्र छनौटमा सहभागी हुन पाउने छन्। साथै कुनै विज्ञ व्यक्ति निशुल्क रुपमा विद्यालयमा सहयोग गर्न आएमा नगरपालिकाको अनुमति लिइ स्वयमसेवा गर्न कुनै बाधा पर्ने छैन।

ङ) नगर शिक्षा समितिले निर्णय गरेबमोजिम स्वयंसेवक शिक्षक छनौट तथा नियुक्तिका लागि छनौट तथा सिफारिस समितिले निर्णय गरी शिक्षा, युवा तथा खेलकुद शाखाबाट ७ दिनको म्याद राखी दरखास्त आह्वानको सूचना प्रकाशित गर्नुपर्नेछ।

च) सूचना प्रकाशन भए पश्चात् देहायका योग्यता पुगेका व्यक्तिबाट दरखास्त आह्वान गरिनेछ । उम्मेद्वारले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

-नेपाली नागरिकता प्राप्त व्यक्ति,

-१८ वर्ष पूरा भै ४० वर्ष ननाघेको,

-मगज नबिग्रेको,

-नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

-सम्वन्धित विषयमा न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको--( बाल कक्षाका लागि एस ई.ई. उत्तीर्ण, आधारभूत. तहका लागि कक्षा १२ वा सो सरह उत्तीर्ण, तथा मा.तह ९-१० र ९-१२ कालागि क्रमश: स्नातक र स्नातकोत्तर तह उत्तीर्ण)

छ) स्वयंसेवक शिक्षकको समयावधि नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ । नगर शिक्षा समितिले नतोकेको अवस्थामा नियुक्ति भएको मितिले बढीमा एक शैक्षिक सत्रको लागि हुनेछ । एक शैक्षिक सत्र बितेपछि नगरपालिकाबाट व्यवस्था भएमा सोहि बमोजिम हुने तर नगरपालिकाबाट गर्ने व्यवस्था नभएमा विद्यालयले पुन सो शिक्षकलाई पारिश्रमिक दिने र निरन्तरता दिने सम्बन्धमा निर्णय गर्न पाउने छैन । नगर शिक्षा समितिले कुनै निर्णय गरी म्याद थप गर्न समय दिएमा सोही बमोजिम हुनेछ।

५. छनौट तथा सिफारिस समिति

१) स्वयंसेवक शिक्षक छनौटका लागि देहाय अनुसारको एक छनौट तथा सिफारिस समिति रहनेछ।

क) शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुख—अध्यक्ष

ख) नगर शिक्षा समितिले तोकेको नगर शिक्षा समितिका सदस्यहरु मध्ये १ जना महिला सहित २ जना--------सदस्य

ग) लेखा शाखाले तोकेको १ जना----------------सदस्य

घ) वडा शिक्षा समितिका सदस्यहरु मध्ये नगर शिक्षा समितिले तोकेको प्रधानाध्यापक १ जना ------------सदस्य

६. स्वयंसेवक शिक्षक छनौट प्रकृयालाई निष्पक्ष, पारदर्शी र मर्यादित बनाउन छनौट तथा सिफारिस समितिका सदस्यमध्ये एक जनाको संयोजकत्वमा बढीमा तीन सदस्य रहनेगरी छनौट तथा व्यवस्थापन उपसमिति गठन गर्न सकिनेछ ।

७. दरखास्त आह्वानको सूचना प्रकाशन भए पश्चात् उम्मेदवारले तोकिएको दस्तुर बुझाएको सक्कल भौचर सहित तोकिएको समयभित्र शिक्षा यूवा तथा खेलकुद शाखामा रित पूर्वक दरखास्त दिनुपर्नेछ।

८. शिक्षा, यूवा तथा खेलकुद शाखाले नगरपालिकासँग समन्वय गरी अन्तर्वार्ता मिति तोक्नेछ।

९. छनौटको सम्पूर्ण प्रकृयाको अनुगमन निरीक्षण नगर प्रमुख, नगर शिक्षा समिति तथा सामाजिक विकास समितिका पदाधिकारीबाट हुनसक्नेछ।

१०. छनौट प्रकृयाको गोपनीयता र मर्यादालाई ख्यालगरी छनौट समितिले सम्बन्धित विषय विज्ञबाट अन्तर्वार्ता, प्रयोगात्मक परीक्षा र अवलोकन कक्षा सन्चालन गर्न सक्नेछ।

११. सम्वन्धित तहको न्यूनतम शैक्षिक योग्यताको प्रथम, द्वितीय र तृतीय श्रेणीका लागि क्रमश : ५, ४ र ३ अङ्क प्रदान गरिनेछ। २० पूर्णाङ्कको अन्तर्वार्ता निम्न अनुसार विभाजन गरिनेछ। (जिपिए उल्लेख भएको ग्रेडसिटलाई श्रेणीका आधारमा प्रचलित नियम बमोजिम अङ्क प्रदान गरिनेछ।) अन्तर्वार्ताको लागि तपसिल बमोजिमको विशिष्टीकरण तालिकाको प्रयोग गरिनेछ।

| | |
|---|---|
| विषयवस्तु र शिक्षण विधिको ज्ञान | १० |
| व्यक्तित्व | ५ |
| प्रस्तुतीकरण | ५ |

अन्तर्वार्ताको अङ्क प्रदान गर्दा ४०% भन्दा कम र ८०% भन्दा बढी अङ्क दिनुपरेमा स्पष्ट कारण खुलाउनु पर्नेछ।

१२. सम्वन्धित तहको तोकिएको विषयमा आवश्यकता अनुसार छनौट तथा सिफारिस समितिले निर्णय गरी २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षा /कक्षा अवलोकन सञ्चालन गर्न सकिनेछ।

१३.स्वयंसेवक शिक्षक छनौटका लागि स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ।

१४. छनौट तथा व्यवस्थापन उपसमितिले उम्मेदवारको औषत प्राप्ताङ्क निकाली छनौट समितिमा पेश गर्नुपर्नेछ।

१५. छनौट समितिले अन्तिम नतिजा प्रकाशन गरी स्वयंसेवक शिक्षक नियुक्तिका लागि नगरपालिका समक्ष नतिजा सहित पठाउनुपर्नेछ । अन्तर्वार्ताको नतिजा वर्णानुक्रम अनुसार र अन्तिम नतिजा योग्यताक्रम अनुसार प्रकाशन गरिनेछ ।

१६. यसरी छनौट भएका उम्मेदवारलाई नगर शिक्षासमितिले वितरण गरेको विद्यालयगत कोटा बमोजिम नतिजा प्रकाशन भएको ७ दिनभित्र शिक्षा शाखाले तोकेको ढाँचामा विद्यालय व्यवस्थापन समितिले स्वयंसेवक शिक्षकलाई करार नियुक्ति दिनुपर्नेछ । हाजिरी गराइ नियुक्ति दिएको निर्णय, नियुक्ति पत्र, करार सम्झौता पत्र तथा हाजिर गराइएको पत्र शिक्षा यूवा तथा खेलकुद शाखामा इमेल मार्फत पठाउनु पर्नेछ । इमेलबाट पठाउन नसकिएमा कुनै माध्यमबाट पेश गर्नु पर्ने छ । त्यस्ता स्वयंसेवक शिक्षकको छुट्टै अभिलेख बनाई तथ्याङ्क राखिनेछ ।

१७. सिफारिस भएका उम्मेदवारहरु पर्खाइ सूचीमा समेत रहने छन् । तत्काल नियुक्ति भएर बाँकी रहेका स्वयमसेवक शिक्षकहरुलाई नगर शिक्षा समितिले विद्यालयलाई कोटा वितरण गरेमा सिफारिस समिति मार्फत विद्यालयमा सिफारिस गरी पठाइने छ । तर शैक्षिक सत्र बिन एक महिना वा सो भन्दा कम अवधि भएमा वा शैक्षिक सत्र समाप्तभएमा सो पर्खाइ सूची स्वतसमाप्त भएको मानिने छ । नियुक्तिका लागि सिफारिस भएको उम्मेद्वार तोकिएको समयभित्र हाजिर नभएमा वा अन्य कुनै कारण देखाई राजिनामा दिएर पद खाली भएमा पर्खाइ सूचीबाट विषय मिल्ने उम्मेदवारलाई योग्यताक्रमको आधारमा नियुक्ति दिइनेछ ।

१८. कुनै व्यक्तिले परीक्षाको गोपनीयता भङ्ग गरेमा वा गर्न लगाएमा र यस्तै अन्य परीक्षाको मर्यादा भङ्ग हुने कुनै कार्य गरे गराएमा प्रचलित ऐन नियम अनुसार कार्वाही गरिनेछ ।

१९. स्वयमसेवक शिक्षकको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुने छैन ।

२०. स्वयमसेवक शिक्षकको काम कर्तव्य र अधिकार : स्वयमसेवक शिक्षकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :-

क. हप्तामा न्यूनतम २४ वटा कक्षा (पिरियड) अध्यापन गर्नु पर्नेछ । विद्यालयले कार्यतालिकामा सो भन्दा बढी कक्षा तोकेमा अधिकतम ३२ पिरियड सम्म अध्यापन गर्नु पर्नेछ ।

ख. पाठयक्रमले निर्धारण गरे बमोजिम औपचारिक परीक्षा तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग गरी अध्यापन गरेको विषयमा विद्यार्थीको शैक्षिकस्तर मूल्याङ्कन गर्नु पर्नेछ ।

ग. विद्यालयले तोकेका अन्य कार्यहरु गर्ने ।

२१. स्वयमसेवक शिक्षकको अवकाश सम्बन्धी व्यवस्था :

(१) स्वयमसेवक शिक्षकलाई देहायको अवस्थामा प्रधानाध्यापकले अवकाश दिन सक्ने छ :-

(क) सम्झौता बमोजिमको अवधि समाप्त भएमा ।

(ख) शारीरिक अवस्थाका कारण नियमित कामकाज गर्न असमर्थ भएमा ।

(ग) खराब आचरण प्रदर्शन गरेमा ।

(घ) बिना सूचना पाँच दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा ।

(ङ) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा ।

(च) विद्यार्थीको शिक्षण सिकाइमा असर पार्ने तथा मर्यादा विपरित कार्य गरेमा ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा १ को खण्ड **च** बमोजिमको अवस्थामा विद्यालय व्यवस्थापन समितिले पर्याप्त आधार र प्रमाण सहित निर्णय गरी हटाउन सक्नेछ । तर त्यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद -३

## स्वयमसेवक शिक्षकको सेवा सम्बन्धी सर्त

२२. स्वयमसेवक शिक्षकको सेवा शर्त :

(१) स्वयमसेवक शिक्षकको कार्य अवधि बढीमा नियुक्ति भएको मितिले एक शैक्षिक सत्रको हुनेछ ।

(२) स्वयमसेवक शिक्षकले नियुक्ति भएको विद्यालयमा उपस्थित भई तोकिएको विषयमा नियमित शिक्षण गर्नु पर्नेछ ।

(३) स्वयमसेवक शिक्षकले सम्झौतामा तोकिए बमोजिमको शर्तहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

२३. स्वयमसेवक शिक्षकलाई दिइने सुविधा : (१) स्वयमसेवक शिक्षकलाई विद्यालय लागेको दिन (नगरपालिकाको शैक्षिक कार्यपात्रो बमोजिम ) कार्य गरेको दिन बाल शिक्षक भए प्रतिदिन रु. ३००, आधारभूत तह कक्षा १-५ का लागि शिक्षण गर्ने भए प्रतिदिन रु. ४००, आधारभूत तह कक्षा ६-८ का लागि शिक्षण गर्ने भए प्रतिदिन रु. ४५० माध्यमिक तह कक्षा ९-१० का लागि शिक्षण गर्ने भए प्रतिदिन रु. ५०० र कक्षा ११ र १२ मा अध्यापन गराउने भए प्रतिदिन रु. ५५० दैनिक पारिश्रमिक उपलब्ध गराइनेछ ।

२४. स्वयमसेवक शिक्षकको बिदा : (१) स्वयमसेवक शिक्षकले देहाय बमोजिम बिदा पाउनेछ :-

(क) विद्यालयमा रुजु हाजिरको आधारमा प्रत्येक महिना एक दिन भैपरी आउने वा पर्व बिदा

(ख) आफ्नो रिति र परम्परा अनुसार बढिमा पन्ध्र दिन किरिया बिदा ।

(२) स्वयमसेवक शिक्षकको बिदाको स्वीकृति सम्बन्धित प्रधानाध्यापकले गर्नेछ ।

२५. स्वयमसेवक शिक्षकको पारिश्रमिक रकम भुक्तानी प्रक्रिया –

क) हरेक महिना समाप्त भएको मितिले ३ दिन भित्रमा विद्यालयले स्वयमसेवक शिक्षकको हाजिरी प्रमाणित गरी हाजिरी प्रतिलिपि र रकम मागको पत्र शिक्षा, युवा तथा खेलकुद शाखामा इमेल मार्फत पेश गर्नु पर्ने छ । इमेल मार्फत समस्या भएमा भौतिक उपस्थितिमा पेश गर्नु पर्नेछ । सो प्राप्त भए पश्चात शिक्षा,युवा तथा खेलकुद शाखाले विवरण तयार गरी भुक्तानीका लागि लेखा शाखामा पेश गर्नु पर्नेछ । लेखा शाखाबाट सोझै शिक्षकको खातामा वा सो नभए सम्बन्धित विद्यालयको खातामा भुक्तानी गरिनेछ । विद्यालय मार्फत गरिएको भुक्तानी भएमा विद्यालयले सो रकम प्राप्त भए पश्चात् सम्बन्धित शिक्षकको खातामा रकम जम्मा गरी सो को भरपाई शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

# अनुसूची – १

| |
|---|
| कार्यालय प्रयोजनका लागि<br>परीक्षार्थीको संकेत नं. :<br>रोल नं./विज्ञापन नं./आर्थिक बर्ष<br>…………………/……./………………… |

**सूर्योदय नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल
**दरखास्त फारम**

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो टाँसी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने । |

(क) उम्मेदवारले दरखास्त फारम भरेको पद सम्बन्धी विवरण :

| | | | |
|---|---|---|---|
| १. विज्ञापन नं. : | २.किसिम : खुला/समावेशी | ३. पद : | ४.तह : |
| ६. सेवा | क) अप्राविधिक सेवा | ख) प्राविधिक | ५.परिक्षा केन्द्र : फिक्कल |

(ख) उम्मेदवारको वैयक्तिक विवरण :

| | | | | | |
|---|---|---|---|---|---|
| उम्मेदवारको | नाम,थर | (देवनागरीमा) | | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | | लिङ्ग : |
| | नागरिकता नं. : | | जारी गर्ने जिल्ला : | | मिति: |
| स्थायी ठेगाना | क) जिल्ला : | | ख) न.पा./गा.वि.स. : | | ग) वडा नं. : |
| | घ) टोल : | | ङ) मार्ग/घर नं. : | | च) सम्पर्क नं. : |
| पत्राचार गर्ने ठेगाना : | | | | | इ-मेल : |
| बाबुको नाम, थर : | | | आमाको नाम, थर : | | |
| बाजेको नाम,थर : | | | पति/पत्नीको नाम, थर : | | |
| जन्म मिति | (वि.सं. मा) : | | (ईस्वी सन्‌मा) : | | हालको उमेर : |

(ग) शैक्षिक योग्यता/तालिम (दरखास्त फारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र भए उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल/ऐच्छिक विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

मैले यस दरखास्तमा खुलाएको सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरीने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारमका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु ।

| उम्मेदवारको ल्याप्चे सहिछाप | | | |
|---|---|---|---|
| दायाँ | बाँया | ……………………<br>उम्मेदवारको दस्तखत<br>मिति : | उम्मेदवारले माथि उल्लेख गरेका अनुभवको विवरणहरु ठीक छ भनी प्रमाणित गर्ने विभागीय प्रमुख/कार्यालय प्रमुखको<br>दस्तखत :<br>नाम, थर : |

| नगरपालिका कर्मचारीले भर्ने | | |
|---|---|---|
| रसिद/ नं. : | रोल नं. | छुट्टाछुट्टै शैक्षिक योग्यता भएका सेवा/समुह/उपसमुहको हकमा सभाव्य उम्मेदवार हुन सक्ने सेवा/समूह/उपसमूह खुलाउने । |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको दस्तखत :<br>मिति : | | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : |

द्रष्टव्य : दरखास्त विज्ञापनमा उल्लेखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्धता आवश्यक पर्नेमा सो को प्रतिलिपि,
(३) विज्ञापनमा भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि ।

| कार्यालय प्रयोजनको लागि |
|---|
| परीक्षार्थीको कोड नं. : |
| रोल नं./विज्ञापन नं. आर्थिक बर्ष) |
| ................/........./................ |

# सूर्योदय नगरपालिका

उम्मेदवारले अनिवार्य रुपमा आफैले निम्न विवरणहरु स्पष्ट बुझिनेगरी उल्लेख गर्नु होला सबन्धित विकल्पको क्रमसंख्यामा गोलो (०) चिन्ह लगाउनुहोस् ।

| | | |
|---|---|---|
| क | जात लेख्नुहोस : | .................................... |
| ख | जन्म स्थान र स्थायी ठेगाना | जन्म स्थान : जिल्ला......................... १. गा.वि.स. वा २. न.पा.<br>स्थायी ठेगाना : जिल्ला ...................... १. गा.वि.स. वा २. न.पा. |
| ग | दरखास्त दिने अन्तिम मितिमा पुग्ने उमेर : .................................... | |
| घ | धर्म | १. हिन्दु २. बौद्ध ३. इस्लाम ४. ईसाई ५. अन्य (उल्लेख गर्ने)................. |
| ङ | वैवाहिक स्थिति | १. विवाहित २. अविवाहित ३. बिधुर/विधुवा ४. अलग भई बसेको |
| च | तपाँई आफूलाई के भन्न रुचाउनु हुन्छ ?<br>१. हिमाली २. पहाडी ३. तराई ४. पिछडिएको क्षेत्र ५. अन्य (उल्लेख गर्ने) | |
| छ | मातृभाषा : (लेख्नुहोस्) | ....................................................... |
| | अनुभव भए सो को विवरण लेख्नुहोस | ....................................................... |
| ज | शैक्षिक सकाय : (कुनै एकमा मात्र चिन्ह लगाउनु होला) | १.मानविकी २.कानून ३.व्यवस्थापन ४.शिक्षा ५.विज्ञान ६.इन्जिनियरिङ्ग ७.चिकित्सा ८.कृषि ९. वन १०. संस्कृत ११. अन्य कुनै भए (उल्लेख गर्ने) .................................. |
| | आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशत : | |
| | आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता : | १. छ, तह उल्लेख गर्ने .................... २. छैन |
| | तपाईले अध्ययन गरेको शिक्षण संस्था कस्तो प्रकारको हो ? | |
| | SLC, O-LEVEL, A-Level वा +2 पढेको विद्यालय : | १. सामुदायिक (सरकारी) २. संस्थागत निजी ३. विदेशी |
| | विश्वविद्यालय: | १. सामुदायिक (सरकारी) २. संस्थागत निजी ३. विदेशी |
| | विश्वविद्यालयको नाम लेख्नुहोस् | .................................................... |
| ट | शैक्षिक अवस्था — आमा | १. निरक्षर २. साक्षर ३. एस.एल.सी. सम्म ४. उच्च शिक्षा |
| | शैक्षिक अवस्था — बाबु | १. निरक्षर २. साक्षर ३. एस.एल.सी. सम्म ४. उच्च शिक्षा |
| | आमा /बाबुको मुख्य पेशा (कुनै एक) | १. कृषि २. व्यापार/व्यवसाय ३. शिक्षण (निजी/सरकारी) ४. गैह्र सरकारी ५. सरकारी सेवा ६. अन्य भए (उल्लेख गर्ने) .................................. |

..........................
उम्मेदवारको दस्तखत

---

## उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परिक्षामा बस्न पाइने छैन ।

२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।

३. लिखित परीक्षाको नतीजा प्रकाशन भएपछि प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ ।

४. परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडी घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ । वस्तुगत तथा विषयगत दुवै परीक्षा सँगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन ।

५. परीक्षा हलमा प्रवेश गर्न पाउने समय अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको) बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षाहल बाहिर जाने अनुमती दिइने छ ।

६. परीक्षा हलमा प्रवेश गरे पछि किताव, कापी, कागज, चिट आदि आफु साथ राख्नु हुँदैन । उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन ।

७. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारवाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वत: रद्द भएको मानिने छ ।

८. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा आयोग जवाफदेही हुने छैन ।

९. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ ।

१०. नगरपालिकाले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।

११. उम्मेदवारले वस्तुगत परीक्षामा आफुलाई प्राप्त प्रश्न पत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्ने छ । नलेखेमा उत्तरपुस्तिका स्वत: रद्द हुनेछ ।

१२. ल्याकत (आइ. क्यू.) परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन ।

१३. कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्ने पर्दा पनि परीक्षमा सम्मिलित अन्य उम्मेदवारलाई बाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।

१४. समावेशी (क महिला ख) आदिवासी/जनजाती ग) मधेसी घ) दलित ङ) अपाङ्ग च) पिछडिएको क्षेत्रका दरखास्ता बुझाएको भए कुन कुन समूहमा परीक्षामा सम्मिलित हुन दरखास्त फारम बुझाएको हो सो व्यहोरा उत्तर पुस्तिकामा पनि उल्लेख गर्नु पर्नेछ ।

## सूर्योदय नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल

### प्रवेश पत्र

| हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो टाँसी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने । |
|---|

परीक्षार्थीले भर्ने :-

| | | |
|---|---|---|
| क) विज्ञापन नं. :- | | किसिम :- खुला/समावेशी |
| ख) पद : | | सेवा: |
| ख) तह / श्रेणी :- | | ग) परिक्षा केन्द्र :-फिक्कल |
| च) उम्मेदवारको | नाम,थर :- | |
| | दस्तखत :- | |
| रोल नं. :- | | |

यस नगरपालिकाबाट लिइने उक्त पदको परीक्षामा तपाँइलाई उल्लेखित परीक्षा केन्द्रबाट सम्मिलित हुन अनुमती दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

...................................
(प्रमाणित गर्नेको दस्तखत)

## अनुसूची – २

## करारनामा

यस श्री ........................................ विद्यालय सू. न. पा.-................ को पूर्वप्राथमिक/ प्राथमिक/निम्नमाध्यमिक/माध्यमिक/ कक्षा ११/१२ तहको ...............विषयमा स्वयमसेवक शिक्षक करार कोटामा सूर्योदय नगरपालिकाको स्वयंसेवक बाल शिक्षक तथा शिक्षक नियुक्ति तथा परिचालन कार्यविधि २०७९ अनुसार सेवा करारमा राखी देहाय बमोजिमको काम काज गर्ने गराउने विषयमा श्री .............. ............. विद्यालय सू.न.पा. -..... ईलाम (जसलाई यसपछि प्रथम पक्ष भनिने छ) र............. जिल्ला .......................................गा.पा/ न.पा वडा नं. .......... स्थायी ठेगाना हुने श्री ............... जसलाई यसपछि दोस्रो पक्ष मानिने छ) को बीचमा मिति २०......../ ...... / .... गते वि. व्य. स. को निर्णयानुसार भएको ।

### करार सम्झौता पत्र

**दोस्रो पक्षले यस विद्यालयलाई पुर्याउनु पर्ने मुख्य मुख्य कार्यहरुको विवरणः**

- सूर्योदय नगरपालिकाको स्वयंसेवक बाल शिक्षक तथा शिक्षक नियुक्ति तथा परिचालन कार्यविधि २०७९ तथा नियमावली र प्रचलित कानुनमा भएको विद्यालयको शिक्षकले पालना गर्नु पर्ने आचार संहिता पालना गर्ने ।
- विद्यालयको समयमा दैनिक समय तालिका अनुसार कक्षा विषयहरुको पठनपाठन गर्ने ।
- विद्यालयले तोकिए बमोजिम विद्यार्थीहरुको नियमित आवधिक मूल्याङ्कन गरी नतिजा प्रकाशन गर्ने ।
- वि. व्य. स. ले समय समयमा गरेको शैक्षिक निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।
- शैक्षिक क्रियाकलापमा आवश्यक शैक्षिक सामाग्री सन्दर्भ सामाग्री आदिको सङ्कलन संरक्षण तथा उचित प्रयोग गर्ने ।
- विद्यार्थीहरुलाई समय समयमा अतिरिक्त क्रियाकलाप तथा सह क्रियाकलापमा सक्रिय गराउने।
- आफूले अध्ययन गरेको विषयको नतिजा विश्लेषणमा उपलब्धी स्तर कम भएमा सोको जवाफदेही हुनु पर्नेछ ।
- दोस्रो पक्षले आफ्नो जिम्मामा रहेको नगदी तथा जिन्सी सामानहरु हिफाजतको साथ प्रयोग गरी कार्य सम्पन्न भएपछि प्रथम पक्षलाई बुझाउनु पर्ने छ ।
- विद्यालयको प्र.अ.को माताहातमा रही तोकिएको काम काज गर्ने ।

- प्रचलित ऐन नियमावली, निर्देशिका तथा सम्बन्धित निकाय नगरपालिका र वि.व्य.स. ले पारित गरेका निर्देशनहरुको पालना गर्ने

माथि उल्लिखित सेवा वापत प्रथम पक्षले दोस्रो पक्षलाई निम्न सेवा सुविधा उपलब्ध गराउने छ र सेवा सम्बन्धी अन्य शर्तहरु देहाय बमोजिम हुनेछ।

१. सूर्योदय नगरपालिकाको स्वयंसेवक शिक्षक नियुक्ति तथा परिचालन कार्यविधि, २०७९ मा तोकिए बमोजिमको पारिश्रमिक र अन्य सुविधा दोस्रो पक्षलाई उपलब्ध गराउने।

२. सूर्योदय नगरपालिकाको स्वयंसेवक शिक्षक नियुक्ति तथा परिचालन कार्यविधि, २०७९ मा व्यवस्था भए बमोजिम विदा दिइनेछ। तर विदा संचित हुने छैन ।

३. विद्यालयको कामको शिलशिलामा विद्यालय बाहिर जानु परेमा ऐन तथा नियमावलीमा तोकिए बमोजिमको सुविधा दोस्रो पक्षलाई उपलब्ध गराईनेछ।

४. सम्झौतामा उल्लेख भए भन्दा बढी रकम सुविधाको दावी दोस्रो पक्षले गर्न पाउने छैन।

५. दोस्रो पक्षले करार अवधि समाप्त भए पश्चात् कुनै सुविधा वा सर्त राख्न तथा दाब गर्न पाउने छैन।

६. दोस्रो पक्षको काम सन्तोषजनक नभएमा सम्बन्धित विद्यालयबाट नियमानुसार प्रक्रिया पुऱ्याएर मात्र सम्झौता भङ्ग गर्न सकिनेछ।

यो सम्झौता हाजिर भएको मितिदेखि यसै शैक्षिक सत्रको अन्त्यसम्म कायम रहने छ।

| | | |
|---|---|---|
| प्रथम पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
| नाम थरः ........................ | नाम थरः | नाम थरः |
| ठेगानाः................. | ठेगानाः | ठेगानाः |
| पदः प्रधानाध्यापक | पद : वि.व्य.स. अध्यक्ष | पदः स्वयमसेवक शिक्षक |
| दस्तखत .................... | दस्तखतः ...................... | दस्तखत ......................... |
| मितिः | मितिः | मितिः |

आज्ञाले
मिलन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत